# एकीकृत सेवा केन्द्रको स्थापना र सञ्चालन सम्बन्धमा गरिएको व्यवस्था सम्बन्धी नेपाल सरकारको विज्ञप्ति

आधारभूत सेवामा सार्वजनिक पहुँच नपुगेका दुर्गम अति विकट पहाडी तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने तथा तराइका दुर्गम गा.वि.स.का जनतालाई विभिन्न सार्वजनिक सेवा एकै थलोबाट एकीकृत रुपमा सरल ढंगले, कम लागत र समयमा गुणस्तरीय तवरले उपलब्ध गराई जनउत्तरदायी लोकतान्त्रिक शासन व्यवस्थाको जग बलियो बनाउन मुलुकका सबै प्रशासकीय जिल्लामा निर्धारित इलाकाहरुमा एकीकृत सेवा केन्द्र स्थापना गर्दै जाने र तिनको क्षमता सुदृढ गर्दै जाने उद्देश्यले नेपाल सरकारद्वारा सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि निर्देशिका २०६५ जारी गरिएको छ । यस केन्द्रको स्थापनाबाट सदरमुकाम केन्द्रित सेवालाई विकेन्द्रित गर्ने र सदरमुकाम स्थित कार्यालयहरुलाई समेत सहयोग पुऱ्याउने अपेक्षा यो नयाँ व्यवस्थाले राखेको छ । यस व्यवस्थाले हाल सदरमुकाममा केन्द्रित कार्यालयहरुको सञ्चालन र व्यवस्थापनमा कुनै असर पर्ने छैन । सेवा केन्द्रको स्थापना गर्दा प्रशासकीय जिल्लाको हालको इलाका विभाजनसम्बन्धी व्यवस्थालाई नै आधारका रुपमा लिइएको छ । यसरी सेवा केन्द्र स्थापना गर्दा जिल्ला सदरमुकाम बाहिरको ग्रामीण वा शहरी क्षेत्रभित्र सदरमुकामबाट केन्द्रको दुरी, सेवा ग्राहीलाई पहुँचको हिसाबले हुने सहजता, भौगोलिक रुपमा जनसंख्याको Cluster आदिलाई विशेष रुपमा मूल्यांकन गर्ने परिपाटीलाई आत्मसात गरिएको छ ।

यस व्यवस्थाले सदरमुकाममा हाल केन्द्रित भएका कुनै पनि कार्यालयको अन्यत्र स्थानान्तरण नहुने, सेवा कटौती नहुने भएकोले यस्तो प्रभावकारी सेवा प्रवाह प्रणालीलाई व्यवस्थापन गर्ने कार्यमा सबैको सहयोगको अपेक्षाका साथै कुनै पनि किसिमको भ्रममा नपर्न समेत नेपाल सरकार हार्दिक अपिल गर्दछ ।

कृष्णबहादुर महरा
मन्त्री सूचना तथा सञ्चार
एवं प्रवक्ता नेपाल सरकार